लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/८२

चलानी नं.:-क.प्र./ १४२८

मिति : २०८२/०३/३२

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री स्थानीय तह, (सबै),
लुम्बिनी प्रदेश।

विषय : राय सम्बन्धमा।

प्रस्तुत विषयमा एउटै प्रदेश भित्र एउटै कानून बमोजिम हुने तहवृद्धिमा एकरुपता कायम गर्न देहाय बमोजिम मात्र गर्नु गराउनुहुन यस कार्यालयको मिति २०८२/०३/३२ को निर्णयानुसार अनुरोध छ।

(१) स्थानीय तहबाट हाल प्रकाशित सूचना बमोजिम स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीलाई तहवृद्धि गर्दा २०८१।०९।२९ (पुस मसान्त) सम्म योग्यता पुगेका कर्मचारीको हकमा २०८१।१०।०१ देखि लागू हुने गरी र २०८१।१०।०१ देखि २०८२।०३।३२ सम्म योग्यता पुगेका कर्मचारीको हकमा २०८२।०४।०१ देखि लागू हुने गरी तहवृद्धि गर्ने, गराउने। त्यसरी तहवृद्धि भएको कर्मचारीले पाउने तलव भत्ता तहवृद्धिको निर्णय भएको मितिदेखि मात्र पाउने व्यवस्था गर्ने, गराउने।

(२) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ को उपदफा (१३) र दफा ३१ को उपदफा (९) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम तीन महिनाभित्र तहवृद्धि सम्वन्धी काम कारवाही गर्नुपर्ने गरी गरिएको व्यवस्था बाहेक दफा ३१ को उपदफा (१) बमोजिम सोही दफाको उपदफा (९) मा उल्लिखित साउन १ र माघ १ गतेदेखि लागू हुने गरी गर्नुपर्ने तहवृद्धि सम्बन्धी कार्य माथि प्रकरण (१) विपरीत भएको भए सो विषय समेत सच्याई प्रकरण (१) बमोजिम नै कायम गर्ने, गराउने।

(३) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ को उपदफा (२) र (५) बमोजिम अधिकृतस्तर सातौं तहमा तहमिलान भएका कर्मचारी सोही ऐनको दफा ३१ को उपदफा (१) बमोजिम आठौं तहमा तहवृद्धि गर्न सकिने नसकिने सम्बन्धमा सोही उपदफामा उल्लिखित आठौं तहमा तहवृद्धि हुनको लागि अन्य कुराको अतिरिक्त "एक तहमुनि (सातौं) को पदमा पाँच वर्षको सेवा अवधि पूरा गरेको" र "पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नव्बे प्रतिशत अङ्क प्राप्त गरेको" हुनुपर्ने



Scanned with CamScanner

देखिन्छ। त्यसरी तहमिलान भएका कर्मचारीहरूलाई सातौं तहमा तहमिलानसम्म गर्ने गरी ऐनको दफा ७ को उपदफा (२) र (५) मा व्यवस्था रहेको र सामान्यतया आठौं तहमा तहवृद्धि हुन दफा ३१ को उपदफा (१) बमोजिमको योग्यता पुगेको हुनुपर्ने व्यवस्था रहेको देखिएकोले सातौं तहको पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने देखिँदा उक्त शर्त पूरा नभई आठौं तहमा तहवृद्धि गर्न मिल्ने नमिल्ने विषयमा कानूनी राय उपलब्ध गराउने निकायको समेत राय परामर्श लिनुपर्ने देखिएकोले यस सम्बन्धमा थप पत्राचार नभएसम्म उक्त विषयलाई यथास्थितिमा राखे। यदि कुनै स्थानीय तहले यसभन्दा अघि नै आठौं तहमा तहवृद्धिको निर्णय गरेको भए प्रस्तुत विषयको टुङ्गो नलागेसम्म आठौं तहको विषयमा गरिएको निर्णय कार्यान्वयन नगर्ने नगराउने।

(४) साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका र स्थानीय तहले प्रदेश लोक सेवा आयोगको परामर्श लिई कानून बनाई छैटौं तहमा तहवृद्धि गरेका यो ऐन प्रारम्भ हुँदाको बखत (मिति २०८१।०९।२९) छैटौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा ७ को उपदफा (७) बमोजिमको योग्यता पुगेको भएमा सातौं तहमा तहवृद्धि गर्न सकिने।

............................
(सञ्जय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत



Scanned with CamScanner